त्रिभुवन विश्वविद्यालय

# शिक्षाशास्त्र संकाय

परीक्षा नियन्त्रण महाशाखा

बल्खु, काठमाडौं, नेपाल

मिति २०८३।०२।०८

## स्नातकोत्तर तह प्रथम सत्रान्त (M.Ed. and MSSEd. 1st Semester) को छूट परीक्षा आवेदन फारम भर्ने सम्बन्धी सूचना

२०८३ साल असार महिनामा सञ्चालन हुने शिक्षाशास्त्र सङ्कायअन्तर्गत सेमेस्टर प्रणालीमा आधारित स्नातकोत्तर तह प्रथम सेमेस्टर **(M.Ed. and MSSEd 1st Semester)** नियमित र आंशिक परीक्षाका लागि केही क्याम्पस/कलेजका विद्यार्थीहरूको अनलाइन (Online) परीक्षा आवेदन फारम भर्न बाँकी रहेको जानकारी प्राप्त भएकोले सो प्रयोजनका लागि यही **२०८३ साल जेठ ११ गतेदेखि जेठ १३ गते दिनको ११:०० बजेसम्म अनलाईन पोर्टल खोलिने** हुँदा परीक्षा आवेदन फाराम भर्न छूट भएका विद्यार्थीहरुले दोब्बर दस्तुर तिरी अनलाईन परीक्षा फारम भर्न/भराउन हुन सम्बन्धित सबैलाई सूचित गरिन्छ । यसरी विद्यार्थीहरूले भरेको फाराम सम्बन्धित क्याम्पसले रुजु गरी तत्कालै प्रमाणित (Verify) गर्नुपर्नेछ । यस उप्रान्त कुनै पनि विद्यार्थीको परीक्षा फारम स्वीकार नगरिने व्यहोरा जानकारी गराइन्छ ।

**पुनश्च:**

१) त्रि.वि. रजिष्ट्रेशन नम्बर प्राप्त गर्न बाँकी/गर्ने प्रक्रियामा रहेका विद्यार्थीहरुको हकमा त्रि.वि. परीक्षा नियन्त्रण कार्यालयबाट त्रि.वि. र.नं. कार्ड प्राप्त गरी त्रि.वि. रजिष्ट्रेशन सम्बन्धी विवरण डीन कार्यालयलाई उपलब्ध गराइदिनु हुन सम्बन्धित सबैलाई अनुरोध गरिन्छ ।

सहायक डीन